आज मिति २०७६/०१/११ गते बुधबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राई ज्यूको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ५६ औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरि निर्णयहरु गरियो।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ न वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

**अन्य उपस्थिति**

भीम बहादुर बुढाथोकी का.स. भीम

प्रस्तावहरु

१. नयाँबजार थुम्के जौवारी मेग्मा पर्यटन सडक स्तरोन्नती योजनाको ठेक्काबाट वाँकी रहेको बजेट कार्यान्वयन गर्ने सम्बन्धमा ।

२. नयाँबजार क्षेत्र कालोपत्रे तथा पिसिसि ठलान योजनाको ठेक्काबाट वाँकी रहेको बजेट कार्यान्वयन गर्ने सम्बन्धमा ।

३. परामर्श सेवा लिने सम्बन्धमा ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रमको स्थानीय निर्देशक समिति गठन सम्बन्धमा ।

५. झोलुंगे पुलको फोकल पर्शन र कार्य प्रत्यायोजन गर्ने सम्बन्धमा ।

निर्णयहरु

१. आ.ब. २०७५/७६ मा यस गाउँपालिकालाइ प्रदेश नं. १ सरकारबाट प्राप्त शसर्त अनुदान तर्फको पुर्वाधार विकासको योजनाको कुल लागत अनुमान १ करोड ३३ लाख ९ हजार ७ सय ७० रुपैया भएको नयाँबजार थुम्के जौवारी मेग्मा पर्यटन सडक स्तरोन्नती गर्ने कार्यको ठेक्का सम्झौता सेरजंग विल्डर्स इलाम सँग भइसकेको हुनाले उक्त योजनाको वाँकी रहेको बजेट रु ७३ लाख ६३ हजार ८ सय ५३ मध्ये रु ६० लाख लागत अनुमान बरावरको कार्य टेण्डर प्रकृयाबाट गर्न सयम अपुग हुने हुँदा उपभोक्ता समिति गठन गरी समिति मार्फत निर्माण कार्य गर्ने निर्णय गरियो । उक्त कार्य गर्दा अघिल्लो ठेक्कामा ०-६ कि.मी सम्मको सम्झौता भइ सकेको हुँदा उक्त सडक खण्डको ६ कि.मी देखि माथीको खण्ड लागत अनुमान गरी कार्य गराउने निर्णय गरीयो ।

२. आ.ब. २०७५/७६ मा यस गाउँपालिकाको गाउँसभावाट स्विकृत भएको पुर्वाधार विकास तर्फको कुल लागत अनुमान १ करोड ७ लाख १३ हजार ८ सय ३० रुपैया भएको नयाँबजार क्षेत्र कालोपत्रे गर्ने कार्यको ठेक्का सम्झौता इलाम कन्ट्रक्सन, इलाम सँग भइसकेको हुनाले उक्त योजनाको वाँकी रहेको बजेट रु ३८ लाख २९ हजार ८ सय ६० मध्ये निम्न पुर्वाधार तर्फका योजनाहरु उपभोक्ता समिति वा ठेक्का बाट सम्पन्न गर्ने निर्णय गरीयो ।

| क्र सं. | योजनाको नाम | ठेगाना | बजेट बजेट रकम रु | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | नयाँबजार प्याङपञ्चमी रुलुक खण्ड सडक मर्मत | माईजोगमाई गा.पा. वडा नं. ६ | १० लाख | पुर्वाधार विकास | उपभोक्ता समिति मार्फत |
| २ | खोल्मे देवीथान खण्डमा सोलिङ ठेसवाल निर्माण | माईजोगमाई गा.पा. वडा नं. २ | ५ लाख | पुर्वाधार विकास | उपभोक्ता समिति मार्फत |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | जाँघरे सडक खण्ड नाली निर्माण | माईजोगमाई गा.पा.वडा नं. ४ | १ लाख | पुर्वाधार विकास | उपभोक्ता समिति मार्फत |
| ४ | सप्तकाली कार्तिके सडक खण्ड निर्माण | माईजोगमाई गा.पा. वडा नं. २ | २ लाख | पुर्वाधार विकास | उपभोक्ता समिति मार्फत |
| ५ | महादेव थान आल भन्ज्यांङ सडक मर्मत | माईजोगमाई गा.पा. वडा नं. २ | २ लाख | पुर्वाधार विकास | उपभोक्ता समिति मार्फत |
| ६ | नयाँबजार गुप्ति दुर्गा मन्दिर सडक खण्ड मर्मत | माईजोगमाई गा.पा. वडा नं. १ | ५ लाख | पुर्वाधार विकास | ठेक्का मार्फत |
| ७ | गुप्ति दुर्गा मन्दिर जोगमाइ खोला सम्म सडक खण्ड मर्मत | माईजोगमाई गा.पा. वडा नं. १ | ५ लाख | पुर्वाधार विकास | ठेक्का मार्फत |

३. आ.ब. २०७५/७६ का ठेक्का सम्झौता मार्फत कार्यान्वयन भइरहेको निम्न योजनाहरुको गुणस्तरीय नापजाँच गर्न अनुगमन गर्न तथा गाउँपालिकाको उक्त योजना कार्यान्यनमा प्राविधिक सहयोगका लागी हाल गाउँपालिकामा इन्जिनियर नभएको हुनाले परामर्श सेवादाता संस्थाबाट आयोजना व्यवस्थापन (कन्टेन्जेन्सी) शिर्षकबाट खर्च हुनेगरी परामर्श सेवा लिइ कार्य गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजनाको नाम | लागत अनुमान रकम | सम्झौता मिति | सम्पन्न हुने मिति | निर्माण व्यवसायीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. ६ वडा कार्यालय भवन निर्माण | रु. ८७८२५३२/२५ | २०७६/०१/ | २०७६/८/३० | भोज्क निर्माण सेवा | क्रमागत योजना |
| २ | नयाँबजार थुम्के जौवारी मेग्मा पर्यटन सडक स्तरोन्नती | रु. १३३०९७७०/८३ | २०७६/०१/११ | २०७६/३/२५ | शेरजंग विल्डर्स इलाम | ०७६ असार मसान्त सम्म |
| ३ | नयाँबजार बजार क्षेत्रको कालोपत्रे/पिसिसि ढलान निर्माण योजना | रु. १०७१३८३०/५४ | २०७५/१०/२९ | २०७६/३/१० | इलाम कन्ट्रक्सन इलाम | आ.व. ०७६ असार मसान्त |
| ४ | गाउँपालिका क्षेत्रभित्र विधुतिकरण कार्यक्रम | रु.१०७१७८९४/७५ | २०७५/११/७ | २०७६/०३/१० | उदेश्य निर्माण सेवा मेचीनगर झापा | ०७६ असार मसान्त सम्म |
| ५ | वडा नं. १ वडा कार्यालय भवन निर्माण | रु.८७३३६९०/९० | | | च्यालेट निर्माण सेवा | क्रमागत योजना |

४. निम्न सदस्य रहेन गरी प्रधानमन्त्री रोजगार कार्यक्रमको स्थानीय निर्देशक समिति गठन गरियो।

निम्न

जीत बहादुर राई गा.पा. अध्यक्ष - अध्यक्ष

सावित्रा भट्टराई गा.पा. उपाध्यक्ष- सदस्य

भवानी प्रसाद लिङ्दम वडाध्यक्ष ६ - सदस्य

डम्बर बहादुर सुवेदी वडाध्यक्ष २ - सदस्य

चन्द्रप्रकाश बस्नेत प्र.प्र.अ - सदस्य सचिव

५. यस गाउँपालिका भित्र निर्माणाधिन तथा निर्माण हुने झोलुंगे पुलहरु सम्बन्धी योजना सञ्चालन तथ व्यवस्थापन अनुगमन गर्न फोकल पर्शनको रुपमा योजना तथा अनुगमन इकाइ प्रमुख श्री वीरध्वज लिम्बुलाइ तोकियो साथै गाउँपालिका भित्र निर्माण हुने झोलुंगे पुलहरु सम्बन्धी सम्पुर्ण कार्य गर्न सुनगाभा विकास संस्थालाइ कार्य प्रत्याजोजन गर्ने निर्णय गरियो ।